मिति : २०८०/१२/२२

मिति २०८०/१२/२२ गते नेपाल विद्यार्थी संघका केन्द्रीय अध्यक्ष श्री दुजाङ शेर्पा ज्यूको अध्यक्षतामा सम्पन्न केन्द्रीय कार्यसमितिको प्रथम ऐतिहासिक बैठकमा प्रस्तुत प्रस्तावहरू उपर केन्द्रीय कार्यसमितिका सदस्यज्यू बिच विहङ्गम छलफल एवं विमर्श पश्चात् देहाय बमोजिमको निर्णय गरियो।

**प्रस्तावहरु :**

१. नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य स्व. हरिष देउवा ज्युको शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।

२. केन्द्रीय अध्यक्ष द्वारा प्रतिवेदन प्रस्तुतीकरण :

    क. शैक्षिक

    ख. राजनीतिक एवं सांगठनिक

    ग. आर्थिक प्रतिवेदन

३. १२ औं महाधिवेशनको मिति तय एवं कार्यतालिका सम्बन्धमा।

४. कार्यसम्पादन समिति, अनुशासन समिति, न्यायिक समिति, केन्द्रीय निर्वाचन समिति, लेखा समिति, विभाग, स्ववियु परिषद्, जिल्ला सम्पर्क तथा समन्वय समिति र NSU ALUMNI लगायत विभिन्न समिति एवं विभागहरू गठन सम्बन्धमा।

५. नेपाल विद्यार्थी संघको विधान संशोधन एवं परिमार्जन सम्बन्धमा।

६. राष्ट्रव्यापी सुझाव संकलन (विद्यार्थी आन्दोलन, नेपालको शिक्षा नीति, रोजगार, आविष्कार र अनुसन्धान, पेड इन्टर्नशिप (PAID INTERNSHIP), JOB PLACEMENT, पढ्दै कमाउँदै (EARNING WHILE LEARNING) सम्बन्धमा।

७. नेपाल विद्यार्थी संघको राष्ट्रव्यापी सदस्यता वितरण एवं नवीकरण कार्यक्रम सम्बन्धमा।

८. नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

९. नेपाल विद्यार्थी संघको आचारसंहिता सम्बन्धमा।

१०. राष्ट्रिय सिनेटको बैठक आह्वान सम्बन्धमा।

११. नेपाल विद्यार्थी संघ भित्र देखिएका आन्तरिक समस्या समाधान एवं निरुपण गर्न र संगठनलाई थप एकतावद्ध गर्ने मूल उद्देश्यका साथ "सांगठनिक अवस्था अध्ययन समिति, २०८०" गठन गर्ने सम्बन्धमा।

१२. स्टार्ट अप महोत्सव "START UP FEST" आयोजना गर्ने सम्बन्धमा।

१३. राष्ट्रिय स्तरमा "जय नेपाल कप" क्रिकेट प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा।

१४. शैक्षिक, सामाजिक, राजनीतिक र आर्थिक रूपान्तरणका लागि राष्ट्रव्यापी अभियानहरू सञ्चालन सम्बन्धमा।

१५. ने.वि. संघ केन्द्रीय कार्यसमितिको अधीनमा रहने गरी Brain Drain लाई Brain Gain मा रूपान्तरण गर्न Move For Nepal लगायत आवश्यक Loose Forum गठन गर्ने सम्बन्धमा।

१६. राष्ट्रिय विद्यार्थी महोत्सव आयोजना गर्ने सम्बन्धमा।

१७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरु सँग मैत्रीपूर्ण सम्बन्ध कायम राखी परस्पर हितलाई संरक्षण एवं प्रवर्द्धन गर्न ठोस कार्ययोजना तर्जुमा गर्ने सम्बन्धमा।

१८. गत वर्ष २०७९ मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा प्रचारप्रसार गर्ने क्रममा प्रहरी दमनमा परि दिवंगत ने.वि.संघ नेता स्व. सञ्जीव ऐडी ज्यूलाई नेपाल विद्यार्थी संघको सहिद घोषणा गर्ने सम्बन्धमा।

१९. नेपाल सरकारले गरेका हरेक अकर्मण्यतालाई आम जनता सामुन्ने उजागर गर्दै भ्रष्टाचार लगायतका सबैखाले बेथितिको भण्डाफोर गर्ने सम्बन्धमा।

२०. नेपाल विद्यार्थी संघको वार्षिक कार्ययोजना पात्रो सम्बन्धमा।

२१. नेपालको संघीय संरचना अनुरुप ७५३ वटै पालिकामा वर्तमान शैक्षिक अवस्था अध्ययन गर्न केन्द्रीय प्रतिनिधि चयन गर्ने सम्बन्धमा।

२२. नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमिति द्वारा सञ्चालन गरिने "The Learning Exchange" अभियान सम्बन्धमा।

२३.विदेश स्थित विद्यार्थी सम्पर्क समिति गठन सम्बन्धमा।

२४.नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति गठन एवं विस्तार गरी केन्द्रीय अध्यक्ष लगायत केन्द्रीय सदस्यको जिम्मेवारी प्रदान गर्नु भएकोमा मातृ पार्टी नेपाली कांग्रेसका सभापति, पदाधिकारी एवं केन्द्रीय सदस्यहरूलाई नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको तर्फबाट धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।

२५.विविध।

## निर्णयहरु :

**निर्णय नं. ०१ :** कैलाली जिल्ला घोडाघोडी न.पा वडा नं.२ घर भइ त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा अध्ययनरत नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य भद्र, शालीन एवं मृदुभाषी स्व. हरिष देउवा ज्यू को असामयिक निधनले नेपाल विद्यार्थी संघ मर्माहत भएको छ । दिबंगत आत्माको चिर शान्तिको कामना सहित शोक सन्तप्त परिवार जनमा गहिरो समवेदना प्रकट गर्दै स्व. हरिष देउवा ज्यूको स्मरणमा यस बैठकमा प्रस्तुत भएको शोक प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ०२ :** नेपाल विद्यार्थी संघका केन्द्रीय अध्यक्ष द्वारा बैठकमा प्रस्तुत भएका शैक्षिक, आर्थिक, राजनीतिक एवं सांगठनिक प्रतिवेदनहरू मनासिब परिमार्जन सहित पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०३ :** नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन २०८१ साल पौष मसान्त भित्र सम्पन्न हुने गरी मातृ पार्टी सँग आवश्यक समन्वय गरी मिति एवं कार्यतालिका तय गर्ने कार्यादेश कार्यसम्पादन समितिलाई दिने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०४ :** मातृ पार्टी सँग आवश्यक समन्वय गरी एक महिना भित्र केन्द्रीय कार्यसमितिको कुल संख्या (७५२) को १०% सदस्य रहने गरी कार्यसम्पादन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

क. देहाय बमोजिमका थप समितिहरु गठन गर्ने निर्णय गरियो।

१. अनुशासन समिति

२. विधान संशोधन एवं परिमार्जन समिति

३. लेखा समिति

४. न्यायिक समिति

५. पाठ्यक्रम अध्ययन, अनुसन्धान समिति

६. दूर शिक्षा एवं खुला विश्वविद्यालय समन्वय समिति

७. जिल्ला सम्पर्क तथा समन्वय समिति

ख. देहाय बमोजिमका विभागहरु गठन गर्ने निर्णय गरियो।

१. संगठन विभाग

२. नीति तथा प्रशिक्षण विभाग

३. प्रचार प्रसार विभाग

४. कानुन विभाग

५. विदेश विभाग

६. खेलकुद विभाग

७. अभिलेख, तथ्याङ्क तथा अनुसन्धान विभाग

८. शिक्षा विभाग

९. प्रकाशन विभाग

१०. कला साहित्य तथा संस्कृति विभाग

११. छात्रा विद्यार्थी विभाग

१२. आदिवासी जनजाति विद्यार्थी विभाग

१३. दलित विद्यार्थी विभाग

१४. मधेश विद्यार्थी विभाग

१५. थारू विद्यार्थी विभाग

१६. मुस्लिम विद्यार्थी विभाग

१७. विज्ञान तथा प्रविधि विभाग

१८. विद्यालय समन्वय विभाग

१९. स्वास्थ्य विभाग

२०. नर्सिङ विभाग

२१. वातावरण विभाग

२२. मातृ पार्टीका शुभेच्छुक तथा भातृ संघ संगठन समन्वय विभाग

**ग.** नेपाल विद्यार्थी संघका निवर्तमान एवं भुतपूर्व सदस्यहरु सम्मिलित NSU ALMUNI गठन गर्ने सर्वसम्मतिले निर्णय गरी यो।

**घ.** नेपाल विद्यार्थी संघकाको तर्फबाट स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा निर्वाचित सभापति, पदाधिकारी एवं सदस्य सँग आवश्यक समन्वय गरी स्ववियु परिषद् गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**ङ.** समिति एवं विभागहरुको संख्या, काम कर्तव्य र अधिकारको सम्बन्धमा आवश्यक कार्यविधि तर्जुमा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**च.** नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यसम्पादन समितिले आवश्यकता अनुसार अन्य समिति एवं विभाग गठन गर्न सक्ने छ।

**निर्णय नं. ०५ :** नेपाल विद्यार्थी संघको विधान संशोधन एवं परिमार्जन गर्न विधान समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०६ :** वर्तमान विद्यार्थी आन्दोलन, नेपालको शिक्षा नीति, रोजगारी, आविष्कार र अनुसन्धान, पेड इन्टर्नशिप, JOB PLACEMENT, पढ्दै कमाउँदै लगायतका विद्यार्थी एवं युवा मैत्री विषयहरुमा राष्ट्रव्यापी सुझाव संकलन गरी संकलित सुझाव मार्फत प्राप्त निष्कर्षलाई कार्यान्वयन गर्न सशक्त कार्यक्रम सार्वजनिक गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०७ :** प्रविधिको उच्चतम् सदुपयोग गर्दै ONLINE AND OFFLINE दुवै माध्यमबाट राष्ट्रव्यापी रुपमा नेपाल विद्यार्थी संघको सदस्यता वितरण एवं नवीकरण अभियान सञ्चालन गर्ने साथै सदस्यता प्राप्त गर्ने विद्यार्थीको DIGITAL PROFILING गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०८ :** नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्न संघका प्रत्येक केन्द्रीय सदस्य ज्यूहरुबाट सहयोगार्थ मासिक रु. ५०० संघको आधिकारिक बैंक खातामा जम्मा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ०९ :** नेपाल विद्यार्थी संघका प्रत्येक सदस्य, संघको प्रतिनिधित्व गर्ने स्ववियु एवं विद्यार्थी कल्याण परिषद सभापति, पदाधिकारी एवं सदस्यलाई थप अनुशासित बनाउन बैठकमा प्रस्तुत नेपाल विद्यार्थी संघको आचारसंहिता, २०८० संशोधन एवं परिमार्जन सहित पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १० :** राष्ट्रिय सिनेट बैठकको मिति तय गर्ने जिम्मेवारी संघको केन्द्रीय कार्यसम्पादन समितिलाई प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ११ :** नेपाल विद्यार्थी संघ भित्र देखिएका आन्तरिक समस्या समाधान एवं निरुपण गर्न र संगठनलाई थप एकतावद्ध गर्ने मूल उद्देश्यका साथ एक संयोजक सहित ७ (सात) सदस्यीय "सांगठनिक अवस्था अध्ययन समिति, २०८०" गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै उक्त "सांगठनिक अवस्था अध्ययन समिति, २०८०" को समयावधि, काम कर्तव्य र अधिकार यस बैठक बाट पारित कार्यादेश (ToR) बमोजिम हुने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १२ :** विद्यार्थी नवउद्यमी युवा प्रतिभालाई प्रोत्साहन गर्न, सम्भावित उद्यमीको व्यवसायलाई चाहिने आधारभूत विषयवस्तुमा परामर्श एवं प्रशिक्षण प्रदान गर्न स्टार्ट अप महोत्सव "START UP FEST" आयोजना गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १३ :** विद्यार्थीमा निहित खेल प्रतिभा उजागर गर्न राष्ट्रिय स्तरमा "जय नेपाल कप" क्रिकेट प्रतियोगिता आयोजना गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १४ :** शैक्षिक, सामाजिक, राजनीतिक र आर्थिक रूपान्तरणका लागि राष्ट्रव्यापी अभियानहरू सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १५ :** राष्ट्रियता, लोकतन्त्र, समाजवाद र विद्यार्थी एकताको मर्मलाई आत्मसात गर्दै नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको संरक्षकतत्त्व Brain Drain लाई Brain Gain मा रुपान्तरण गर्न प्रस्तावित Move For Nepal लगायतका आवश्यक अन्य Loose Forum गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १६ :** नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमितिको संयोजकत्वमा/आयोजनामा राष्ट्रिय विद्यार्थी महोत्सव कार्यक्रम सम्पन्न गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १७ :** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरु सँग मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउँदै परस्पर हितलाई संरक्षण एवं प्रवर्द्धन गर्न विश्वभरि छरिएको अवस्थामा रहेका लोकतान्त्रिक समाजवादी विद्यार्थी संघ/संस्थाहरुलाई साझा मुद्दामा एकीकृत गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १८ :** गत वर्ष २०७९ मा बाजुरा जिल्ला प्रतिनिधिसभा क्षेत्र नं. १ को निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्ने क्रममा प्रहरीको गोली लागि दिवंगत हुनुभएका नेपाल विद्यार्थी संघका नेता स्व. सञ्जीव ऐडी ज्यूलाई नेपाल विद्यार्थी संघको सहिद घोषणा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १९ :** नेपालको समग्र शिक्षा प्रणाली को उन्नयन एवं रूपान्तरण हेतु जारी कार्यक्रमहरूलाई निरन्तरता सहित थप सशक्त बनाउँदै, आम सर्वसाधारणको जीविका सँग प्रत्यक्ष जोडिएका सरोकारका विषयहरूलाई केन्द्रमा राखी सरकार एवं मातहतका निकायलाई खबरदारी गर्दै, वर्तमान सरकारको हरेक अकर्मण्यतालाई आम जनता सामुन्ने उजागर गर्दै भ्रष्टाचार लगायतका सबैखाले बेथितिको भण्डाफोर गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २० :** नेपाल विद्यार्थी संघ द्वारा आयोजना हुने अभियान, कार्यक्रम एवं गतिविधिहरूलाई थप चुस्त दुरुस्त बनाउन “वार्षिक कार्ययोजना पात्रो” प्रकाशन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २१ :** नेपालको संघीय संरचना अनुरूप ७५३ वटै पालिकामा वर्तमान शैक्षिक अवस्था पाठ्यपुस्तकको उपलब्धता, पाठ्यक्रम, भौतिक पूर्वाधारको अवस्था, विद्यार्थीका

साझा समस्या, मानसिक स्वास्थ्य, दिवा खाजाको गुणस्तर लगायत कानूनीले निर्दिष्ट गरेका अन्य शिक्षा सम्बन्धी विद्यार्थीहरूले उपभोग गर्ने अधिकारको सुनिश्चितता सम्बन्धी अनुगमन, अध्ययन एवं अनुसन्धान गर्न केन्द्रीय प्रतिनिधि चयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २२ :** नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमिति द्वारा "The Learning Exchange" अभियान अन्तर्गत mentor-mentee कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २३ :** मातृ पार्टी नेपाली कांग्रेस द्वारा मान्यता प्राप्त विदेश स्थित नेपाली जनसम्पर्क समिति सँग आवश्यक समन्वय गरी नेपाल विद्यार्थी संघ, केन्द्रीय समितिको मातहतमा रहने गरी विद्यार्थी सम्पर्क समिति सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २४:** नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति गठन एवं विस्तार गरी केन्द्रीय अध्यक्ष लगायत केन्द्रीय सदस्यको जिम्मेवारी प्रदान गर्नु भएकोमा मातृ पार्टी नेपाली काँग्रेस पार्टी कार्यसम्पादन समितिका श्रद्धेय सभापति, पदाधिकारी एवं केन्द्रीय सदस्यहरूलाई नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको तर्फबाट धन्यवाद ज्ञापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

नेपाल विद्यार्थी संघको प्रथम ऐतिहासिक बैठकमा आफ्नो अमुल्य राय, सल्लाह एवं सुझव ब्यक्त गर्नु हुने सम्पूर्ण केन्द्रीय सदस्य ज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

विजय खड्का

मुख्य सचिब